स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पूर्वमिस नेपाल वर्ल्ड श्रृंखला खतिवडाले प्रतिष्ठित अमेरिकी विश्वविद्यालय हार्वर्डबाट सहरी विकास विषयमा स्नातकोत्तर उत्तीर्ण गरेकी छन् । उनले ग्राजुएसन गरेको क्षणलाई तस्वीरमार्फत सेयर गर्दै खुसी बाँडेकी छन् । 'मैले ग्राजुएसन गरें । अब तपाईंले मलाई आर्किटेक्ट र अर्बन प्लानर भन्न सक्नुहुन्छ', उनले इन्स्टाग्राममा लेखेकी छन् । श्रृंखलाका बुवा तथा पूर्वमन्त्री विरोध खतिवडा, आमा मुनु सिग्देल र भाइ पनि ग्राजुएसन समारोहमा सहभागी हुन यतिबेला अमेरिकामा छन् ।

**आजको विचार...**



गणतन्त्र...
(दुई पेजमा)

प्रकाश नेपाल

अभिनेत्री विपना थापालाई काठमाडौंमा आयोजित एक अवार्ड समारोहमा 'युग नायिका'को उपाधि प्रदान गरिएको छ । टच इन्टरटेनमेन्ट एण्ड स्पर्श फिल्म्स, पेजेन्ट नेपाल इन्टरनेसनल तथा ब्राइट इभेन्ट म्यानेजमेन्टले संयुक्त रुपमा आयोजना गरेको तेस्रो संस्करणको स्पर्श म्युजिक कार्यक्रममा उनलाई उक्त सम्मान प्रदान गरिएको हो । विपनाको डेब्यु फिल्म 'जन्मभूमि'का निर्देशक तथा चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले उनलाई सम्मान प्रदान गरे । ५० को दशकमा विपनाले चर्चित नेपाली फिल्ममा अभिनय गरेकी छन् ।



❑ वर्ष २८ ❑ अंक ३०१ ❑ २०८० जेठ १६ गते मंगलबार 30 May 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## मनाइयो १६ औं गणतन्त्र दिवस

# जनचाहना अधुरै, व्यर्थमै बित्यो १५ वर्ष

रामचन्द्र रायमाझी

**पाल्पा,** जेठ १५/मुलुकमा गणतन्त्र आएको १५ वर्ष पूरा भएको छ । सोमबार देशैभर विविध कार्यक्रम आयोजना गरी १५ वर्ष पुरा भई १६ औं वर्ष प्रवेशको अवसरमा गणतन्त्र दिवस मनाइयो । नेपाली जनताको लामो बलिदान र संघर्षको उपलब्धिका रूपमा डेढ दशकदेखि यो दिवस मनाइदैं आइएको छ । तर, जनतामा गणतन्त्र घोषणा हुँदा जुन खालको उत्साह थियो, त्यसपछिको राजनीतिक खिचातानीले जनतामा निराशा बाहेक केही छैन । व्यवस्था बदलियो तर जनताको अवस्था भने अझै पनि उस्तै छ ।

गणतन्त्र स्थापना पछि ढिलै भएपनि जनताले आफ्ना प्रतिनिधि मार्फत संविधान पाए । संविधान जारी भएसँगै संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने मुख्य चुनौतिको रुपमा रहेका संघ, प्रदेश र स्थानीय तहका निर्वाचनहरु समेत सम्पन्न भए । गणतन्त्र स्थापनासँगै मुलुकको राष्ट्राध्यक्ष हुने अधिकार नागरिकको पहुँचमा पुगेको छ । तर जनताले त्यसको अनुभूति गर्न पाएका छैनन् । गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो






पक्रन सकेको छैन, जसले गर्दा आम जनताको जीवनशैली बदलिएन । त्यसैकारण पनि जनतामा उतिबेला देखिएको आशा र उत्साह निराशामा बदलिएको हो । एक हिसाबले भन्ने हो भने गणतन्त्रले आम जनताको जीवनस्तरमा बदलाव ल्याएन, बरु सीमित शासकीय वर्गले मात्रै त्यसको फाइदा उठाए । समाजको तल्लो तहले गणतन्त्रबाट अपेक्षित फाइदा लिनुपर्नेमा हुनेखाने वर्गमा मात्रै सीमित हुनु दुर्भाग्यपूर्ण अवस्था हो । जनताका प्रतिनिधिहरूले १५ वर्षअघि अधिनायकवादी राजतन्त्रको अन्त्य गरिदिएपछि मुलुक विधिवत् रूपमा गणतन्त्रमा प्रवेश गरेको थियो । यो परम्परागत शासकीय पद्धतिको विस्थापनसँगै आम जनताको जीवनमा पनि प्रतिफल देखापर्ने अपेक्षा थियो । तर, जनताको आशामा तुषारापात भएको छ । समग्र मुलुकको विकास र जनताको आर्थिकस्तर उकास्ने भन्दा नेताहरु आफ्नै स्वार्थमा केन्द्रीत भएको अनुभूत जनताले गरिरहेका छन् । १२ वर्षमा खोलो फर्कन्छ भन्ने नेपाली उखान नै छ । तर गणतन्त्र स्थापनाका १५ वर्ष बित्दा समेत जनताको अवस्थामा परिवर्तन आउन सकेन ।

सोमबार सरकारले सार्वजनिक बिदा दिएर देशैभर हर्षोल्लासपूर्वक दीप बालेर पन्ध्रौं गणतन्त्र दिवस मनाइरहँदा दैनिक ज्याला मजदुरी गरी जीवन चलाउँदै आएका पाल्पाका श्रमिक तथा मजदुरहरुलाई भने चुलो बाल्नै हम्मेहम्मे छ । एउटा राजा फालेर गाउँ-गाउँमा सरकार पुग्ने गरी आएको संघीय लोकतान्त्रिक गणतन्त्र श्रमिक, मजदुरका लागि भने कागलाई बेलजस्तै भएको छ । 'गणतन्त्र आइसकेपछि हामी जस्ता मजदुरको लागि रोजगारीलगायत केही व्यवस्था हुनुपथ्र्यो । तर, केही भएन । नेताहरु आफैं कुर्सीको लागि लड्दै ठीक छ' सोमबार तानसेनको मखनटोलमा हातमा नाम्लो लिएर कामको खोजीमा भौतारिदै गरेका शंकर कुमालले भने । '२०६० सालदेखि तानसेनमा भारी बोकेरै जिविकोपार्जन गर्दै आएको अहिले २० वर्ष भयो । गणतन्त्रको आन्दोलनमा हामी पनि सहभागी भयौं हो । तर, हाम्रा लागि भने केही भएन । यही भारी बोक्ने काम पनि पहिलेजस्तो पाइदैन । खोइ त हामीलाई सरकारले हेरेको ? भारी नबोके खाने अर्को उपाए छैन ।' कोभिड पछि सुस्ताएको तानसेनको बजारमा भारी बोक्ने काम समेत पाउन छोडिसकेको कुमालको गुनासो छ । उनले भने 'केही काम गरौं भने पनि नेपालमा अरु उद्योग, कलकारखाना छैन, बालबच्चा पाल्नलाई धौं धौं छ । जनतन भारी बोकेरै भएपनि बालबच्चालाई हुर्काउने र पढाउने गरेको थिए । तर अहिले काम नै नपाएपछि हामीले के गरेर खाने । अनि यो गणतन्त्रले हामीलाई के दियो त ?' गणतन्त्र आएपछि त हामी जस्ता गरिबलाई त यस्ता कुरामा हेर्नुपथ्र्यो तर सरकारले हेरेन गहभरी आँसु झार्दै कुमालले गुनासो पोखे । उनको जस्तै सुन्तली नेपालीको पनि व्यथा उस्तै छ । तानसेनमा घर बनाउने काम गर्दै आएकी नेपालीले पनि गणतन्त्रको कुनै पनि अनुभूति नभएको बताउँछिन् । उनलाई ज्याला मजदूरी गरेर दैनिक पाँच सय रुपैयाँबाट छोराछोरीको पढाइ र घर खर्च चलाउनुपर्ने बाध्यता छ । 'गणतन्त्र आएपछि देशमा केही हुन्छ कि भन्ने आशा पलाएको थियो तर, १५ वर्ष बित्यो हामी मजदूरको अवस्था उस्तै छ,' उनले भनिन्, 'प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता सबै आयो । हाम्रो अवस्थामा खै कुनै परिवर्तन आएन ।' गणतन्त्र दिवसको अघिल्लो दिन रिडी खोलाको बगरमा भेटिएकी गुल्मी चन्दकोटकी मीना दर्जीलाई गिट्टी नकुटे साँझ बिहानको हातमुख जोर्ने अर्को उपाय छैन । खोला छेउछाउ दिनभर गिट्टी कुटेर दर्जीले ५ जनाको परिवार पाल्दै आएकी छन् । खोला छेउछाउ पुगेर ढुङ्गा खोज्ने अनि, दिनभर शीतल छहारीमा बसेर गिट्टी कुट्ने कामले दर्जीलाई दिन गएको पत्तो हुँदैन । 'के श्रमिक दिवस के गणतन्त्र ? केही थाहा छैन' मुसुक्क मुस्कुराउँदै उनले भनिन् । 'गणतन्त्र आयो त भन्छन्, खै हामी मजदूरी गरेर खानेलाई गणतन्त्रको कुनै महशुस नै हुनसकेको छैन,' उनले थपिन 'बूढेसकाल लागिसक्यो । गणतन्त्र आयो तर, हाम्रा दिन फेरिएनन् ।' कुमाल, दर्जी र नेपाली त केही प्रतिनिधि पात्रा मात्र हुन् । उनीहरु जस्ता धेरैको अवस्था उस्तै छ ।

गुल्मी हस्तिचौरका नारायण मरासीनी गणतन्त्र ल्याउन आन्दोलन गर्ने एक योद्धा हुन । देशले कोल्टे फेर्छ भन्ने सपना बोकेर परिवारसँग विद्रोह गरेका उनी सरकारी शिक्षकको जागिर नै छोडेर आन्दोलनमा होमिएका थिए । शिक्षकसँगै विद्यार्थीलाई समाजका लागि विद्रोह गर्न आग्रह गर्दै हिड्ने उनी कैयौं पटक समातिए । पटक-पटक निलम्बनमा परे । तर, उनले दुःखी नेपालीको सपना देख्न छाडेनन् । उनका बुवा पुर्खयौली पेसा अपनाउन आग्रह गर्थे । तर, परिवर्तनको पक्षमा मरासीनी निरन्तर वकालत गरी हिँड्थे । देशमा परिवर्तन पनि आयो । तर फेरिएन उनको जिन्दगी । न उनले परिवर्तन गर्न चाहेको वर्गले नै परिवर्तनको आभास गर्न पाए ।

देशका सबै नागरिकले गणतन्त्र आएको महशुस गर्नुपथ्र्यो तर, उनीहरुले गणतन्त्रको महशुस गर्न सकेका छैनन् । गणतन्त्र आएपछि केही राम्रा काम नभएका होइनन् । तर, जनताले जति आशा गरेका थिए त्यस अनुसारको उपलब्धी उनीहरुले महशुस गर्न सकेनन् । रोजगारीदेखि आर्थिक विकासको विषयमा देशले गति लिन नसकेकै कारण आम जनताले गणतन्त्रको अनुभूत गर्न नसकेका हुन् ।

### संक्षिप्त समाचार

## वृद्धवृद्धा भत्ता बढेन



**पाल्पा,** जेठ १५/यस पटकको बजेटमा वृद्धभत्ता बढेन । सरकारले सामाजिक सुरक्षा भत्ताबापत वृद्धवृद्धाले पाउँदै आएको ४ हजारलाई नै निरन्तरता दिएको छ ।

सरकारले ६८ वर्ष पुगेकाहरुलाई सामाजिक सुरक्षा भत्ता दिइँदै आएको थियो । आर्थिक वर्ष २०८०/०८१ को बजेट पेश गर्दै अर्थमन्त्री प्रकाशशरण महतले सामाजिक सुरक्षाका लागि १ खर्ब ५७ अर्ब ७३ करोड बिनियोजन गरेको जानकारी दिए । उनले आगामी आर्थिक वर्ष २०८०/८१ बजेट सार्वजनिक गर्दै गत वर्षको भन्दा २३ अर्व बढी रकम यो शीर्षकमा छुट्याएका छन् । ६० वर्ष पूरा भएका दलित, एकल महिला, विपन्न, सीमान्तकृत वर्ग र समुदाय तथा बालबालिकालाई दिँइदै आएको सामाजिक सुरक्षा भत्ताका लागि रकम विनियोजन गरिएको छ । छात्रवृति, स्वास्थ्योपचार, स्वास्थ्य बीमा लगायतका क्षेत्रमा प्रदान गरिएको सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिएको छ ।

## रेशम चौधरी जेलबाट छुटे



**पाल्पा,** जेठ १५/कैलालीको टीकापुर घटनामा दोषी ठहर भएका पूर्वसांसद रेशम चौधरी जेलबाट छुटेका छन् । मन्त्रिपरिषद्को यही जेठ १२ र १४ गतेको सिफारिस अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले आममाफी दिएसँगै उनी सोमबार ६ वर्षपछि जेलमुक्त भएका हुन् ।


उनको स्वागतका लागि श्रीमती एवं नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता चौधरी, नेतृ एलिजा गौतमलगायत नेता कार्यकर्ता, शुभेच्छुक बाजागाजा र फुलमाला सहित कारागार पुगेका थिए । गणतन्त्र दिवसको अवसरमा आइतबार राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा २७६ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ र ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ बमोजिम सरकारको सिफारिसमा चौधरीसहित ४ सय ८२ जना कैदीहरुको भुक्तान हुन बाँकी कैद सजाय माफी गरेका हुन् । थरुहट आन्दोलन चर्किंदा कैलालीमा भएको विरोध प्रदर्शन हिंसात्मक बनेपछि भिडले आक्रमण गरेर नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक लक्ष्मण न्यौपानेसहित आठ सुरक्षाकर्मीलाई मारिदिएको थियो । सो घटनामा एक बालकको पनि ज्यान गएको थियो । उच्च अदालतले यसअघि फैसला सुनाउने क्रममा 'टीकापुर घटना क्रूर, निर्मम र मानवता विरोधी' भएको ठहर गरेको थियो । घटनामा संलग्न भएको अभियोगमा दुई दर्जनभन्दा बढी व्यक्तिविरुद्ध कर्तव्य ज्यान, डाँका चोरी तथा ज्यान मार्ने उद्योग लगायतका मुद्दा चलाइएको थियो ।

# बजेटको आकार घटाइयो, पूँजीगत खर्च ६७ प्रतिशत हुने अनुमान

## प्रोत्साहन र अतिरिक्त भत्ता खारेज

**पाल्पा,** जेठ १५/सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्दै चालु आर्थिक वर्ष २०७९/८० को बजेट खर्चको लक्ष्य घटाएको छ ।

संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. प्रकाशशण महतले चालु आर्थिक वर्षमा १५ खर्ब चार अर्ब ९९ करोड अर्थात् सुरुआती विनियोजनको ८३ दशमलव ९० प्रतिशत मात्रै बजेट खर्च हुने संशोधित अनुमान सार्वजनिक गरेका हुन् । कूल



सरकारी खर्चमध्ये चालु खर्च १० खर्ब ४३ अर्ब ४९ करोड अर्थात् विनियोजनको ८८ दशमलव १८ प्रतिशत र पूँजीगत खर्च दुई खर्ब ५८ अर्ब ३४ करोड अर्थात् विनियोजनको ६७ दशमलव ९१ र वित्तीय व्यवस्थातर्फ दुई खर्ब तीन अर्ब २६ करोड अर्थात् विनियोजनको ८८ दशमव २९ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

चालु आर्थिक वर्षमा राजस्व संकलन ११ खर्ब ७९ अर्ब ४४ करोड बराबर हुने संशोधित अनुमान छ । यो वार्षिक लक्ष्यको ८४ प्रतिशत हो भने गत वर्षको तुलनामा पाँच प्रतिशतले न्यून हो ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## खै लगानीको वातावरण ?

कुनै पनि मुलुकको आर्थिक विकासका लागि लगानीको महत्वपूर्ण भूमिका रहने गर्दछ । आन्तरिक होस् वा बाह्य लगानीले मात्र मुलुकको विकास सम्भव छ । नेपालमा लगानीको वातावरण नबनेकै कारण मुलुकले आर्थिक गति लिन सकेको छैन । सरकारी अधिकारीहरू विदेशी लगानी नआउनुमा प्रत्येक वर्ष थरीथरीका बहाना मात्र बनाउँछन् । यथार्थ के हो ? समस्या केमा छ ? उच्च अधिकारीहरू धेरैलाई थाहा छ, तर काम गर्ने जाँगर कसैलाई पनि छैन । अहिले नेपालमा लगानी धेरै आउन नसक्नुमा विश्वका धेरै मुलुकमा देखिएको आर्थिक मन्दीलाई कारण मानिएको छ । तर, यो अर्धसत्य मात्र हो, सबै यथार्थ होइन । विदेशी लगानी थोरै आउनुमा हाम्रो सक्रियता र आवश्यक वातावरण नभएर नै हो । हामी लगानी भित्र्याउन सदैव कमजोर रहेका छौं । पुँजीगत बजेट दाताहरूको ऋण र सहयोगमा पूर्ण निर्भर भएको हाम्रो जस्तो मुलुकका लागि विदेशी लगानीको झनै बढी महत्व छ । ठूलो मात्रामा लगानी नल्याउँदासम्म मुलुकको आर्थिक विकास र उन्नतिको सपना पूरा नहुने प्रस्ट छ ।

लगानीकर्ता लुट्न मात्र आएका हुन् भन्ने मान्यताको विकास भइरहेको मुलुकमा लगानी आउन सक्दैन । अहिले यही भइरहेको छ । अन्य मुलुकका जनता र सरकार दुवैले लगानीकर्तालाई सम्मान गर्छन् । रातो कार्पेट बिछ्याएर स्वागत गर्छन् । हामीकहाँ भने उल्टो छ । विकसित मुलुकहरूमा एक दिनमा हुने कामलाई यहाँ महिनौं लगाइन्छ । सरकारको उपल्लो तहलाई यो थाहा नभएको होइन, तर कोही पनि बोल्दैनन् । सबैतिर मिलीभगत छ । सरकारले लगानीको वातावरण बनाउन विभिन्न कानुन तर्जुमा गर्ने भन्दै आए पनि अहिलेसम्म धेरै कानुन बन्न सकेको अवस्था छैन । कानुन अभावमा लगानीकर्तालाई सजिलै लगानी ल्याउन र फिर्ता लैजान सजिलो हुन सकेको छैन । लगानी फिर्ता लैजान कठिन छ भन्ने जान्दाजान्दै कोही पनि लगानीकर्ता जोखिम मोलेर आउँदैन । राजनीतिक नेता र सरकारले जेजस्तो भने पनि मुलुकमा उद्योग–व्यवसाय खोल्ने वातावरण छैन । लगानीकर्ताले विभिन्न तरिकाबाट संस्था/कम्पनी वा वित्तीय संयन्त्रहरूमा लगानी गर्न चाहान्छन् । तर नेपालमा लगानी गर्ने वातावरण नै  छैन । बेला–बेलामा लगानीकर्ताहरु सरकारको निर्णयप्रति आन्दोलित हुन बाध्य छन् । देशको आर्थिक विकासका लागि लगानी कर्तालाई धेरै भन्दा धेरै लगानी गर्न सक्ने वातावरण सिर्जना गरिनु पथ्र्यो तर सरकार र सत्तामा पुग्ने राजनीतिक दलहरुले नै उनीहरुलाई निरुत्साहित गराउने गरेका छन् । यो विडम्वनाको कुरा हो । यहाँ न बाहिरबाट आएर लगानी कर्ताहरु लगानी गर्न सक्छन् नत स्वदेशका लगानी कर्ताले नै । अनि कहाँबाट देशमा समृद्धि र विकास हुन्छ ? यस विषयमा सरकार र राजनीतिक दलले गम्भीर भएर सोच्न जरुरी छ ।

## Opinion @ Social Network

सधैंभरि ढुङ्गाको मात्रै दोष हुँदैन, कतिपय ठेसहरु
आफू हिड्न नजानेरै पनि लागेका हुन्छन् ।
*(प्रविना मगरको फेसबुक स्टाटस https://www.facebook.com//prabeena.magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणतन्त्र, प्रजातन्त्र र राजतन्त्रको विश्लेषण



**प्रकाश नेपाल**

*क्रियाशिल राजतन्त्रको समयमा यो नै सवल पक्ष थियो । यो समयमा भारतिय हस्तक्षेप नै थिएन । भारतप्रति राजसंस्था सधैव अनुदार थियो । महेन्द्र कालिन समयमा भारतलाई तल पर्ने गरी पूर्व पश्चिम राजमार्गको थालनी भयो । यस प्रकरण पछिबाट मात्र भारतलाई लज्जाबोध भएपछि राजमार्ग निर्माणमा सहयोग गरेको थियो । बिरेन्द्र कालिन समयमा नेपाललाई शान्ति क्षेत्रको प्रस्ताव, विकास क्षेत्र निर्धारण गरी विकेन्द्रिकृत प्रशासनिक कार्यको थालनी भयो । राजतन्त्रको समयमा आमजनतामा अनुसाशन थियो । त्यसै गरी नेपाली नागरिकताको प्रमाण पत्रको विषयमा उदार भएन त्यसैले राष्ट्र, राष्ट्यिताका लागि यो नै राम्रमे पक्ष थियो । राजतन्त्र कालिन समयमा मुलुकलाई आत्मनिर्भरसँगै मुलुकमा नै स्वरोजगारको वातावरण सिर्जना गरी सिर्जनाका लागि ठूला-ठूला उद्योगहरु स्थापना भएका थिए । दुई दर्जन भन्दा ठूला-ठूला उद्योगहरु सञ्चालनमा थिए । त्यसले राष्ट्रिय उत्पादनमा महत्व पुर्ण योगदान दिएको थियो । यो नै सवल पक्ष हो । राजसस्थाले दलमाथि प्रतिवन्ध लगायो । ठूला-ठूला क्रियाकलापमा दरवारको हस्तक्षप हुन्थ्यो भनेर छिमेकी मुलुक भारतको पहलमा प्रजातन्त्र स्थापना भयो जसका क्रममा २०४६ सालमा जनआन्दोलन भयो । सविधान नै नयाँ निमार्ण गरी मुलुकमा बहुदलिय प्रजातान्त्रिक व्यवस्थाको सुरुवात भयो २०४७ साल देखि । त्यस समयमा पनि आम जनताले असख्या आवश्यकताको परिपूर्तिको लागि अपेक्षा राखेका थिए ।*

२०६५ सालको जेठ १५ बाट मुलुक गणतन्त्रमा प्रवेश गरेको थियो । त्यस भन्दा अगाडि मुलुकमा प्रजातन्त्र, राजतन्त्र,हुकुमी तन्त्र तन्त्रै तन्त्र...। यो मुलुकमा आम नागरिकहरुले धेरै शासन व्यवस्थाहरु वा तन्त्रहरुको अनुभुति गरे । यहाँ तीन वटा तन्त्र वा व्यवस्थालाई व्याख्या गर्न खोजिएको छ । गणतन्त्र दिवसकै कै दिन राजा सहितको प्रजातन्त्रलाई अन्त्य गरी गणतन्त्रात्मक शासन व्यवस्था सुरु भएको दिन हो  जेठ १५ गते ।

हुकुमी शासन र राजतन्त्रको प्रत्यक्ष प्रभाव, शसत्र द्धन्दले च्यापिएको हाम्रो मुलुकमा अन्तरिम ससंदबाट गणतन्त्रको घोषणा भयो । त्यस बखतमा गणतन्त्र व्यवस्था लागु भए पछि मुलुकले आर्थिक विकासमा फड्को मार्ने आम जनताको आर्थिक विकास हुने, गरिवी न्युनिकरण हुने, मुलुकमा नै स्वरोजगारको व्यवस्था हुने, त्यसै गरी शुसाशन कायम हुने भ्रष्टाचारको अन्त्य हुने भन्ने आम जनताको अपेक्षा थियो । गणतन्त्रमा आम जनताको अपेक्षा धेरै नै थियो त्यो पनि समय सापेक्ष । राजतन्त्रका समयमा मुलुकको ठूलो धनरासी राजपरिवार सदस्यमा बढी खर्च भयो । हरेक क्रियाकलापमा राजपरिवारका सदस्यको क्रियाकलाप क्रियाशिल भएका कारण राजनैतिक दलहरु माथि नै प्रतिबन्ध लगाइएका कारण २०४६ सालमा भएको जनआन्दोलनबाट मुलुकको राजनैतिक व्यवस्था परिवर्तन भयो ।

क्रियाशिल राजतन्त्रका समयमा मुलुकमा शुसाशन थियो भनौं । राजसंस्थाप्रति आशा भरोसा पनि थियो । राजसंस्थाले पनि आम जनताको पिर मर्का बेदनासँगै विकास निर्माणसँगै विदेश नीतिका सवालमा राजसंस्था सधैव दर्विलो नै थियो । सामान्य रुपमा भएका भ्रष्टचारका सवालमा कठोर नीति थियो । सामान्य रुपमा आर्थिक अनियमिता भए तत्काल दरवारको चासो हुन्थ्यो । कर्मचारी, राष्ट्रिय पञ्चायतका सदस्य जिल्ला पञ्चायतका सभापति ,गाउँ पञ्चायतका प्रधानपञ्चदेखि अञ्चालाधिशसम्मका व्यक्तिमा आर्थिक अपचलन तथा भ्रष्टाचार गर्ने हिम्मत नै हुँदैन थियो । क्रियाशिल राजतन्त्रको समयमा यो नै सवल पक्ष थियो । यो समयमा भारतिय हस्तक्षेप नै थिएन । भारतप्रति राजसंस्था सधैव अनुदार थियो । महेन्द्र कालिन समयमा भारतलाई तल पर्ने गरी पूर्व पश्चिम राजमार्गको थालनी भयो । यस प्रकरण पछिबाट मात्र भारतलाई लज्जाबोध भएपछि राजमार्ग निर्माणमा सहयोग गरेको थियो । बिरेन्द्र कालिन समयमा नेपाललाई शान्ति क्षेत्रको प्रस्ताव, विकास क्षेत्र निर्धारण गरी विकेन्द्रिकृत प्रशासनिक कार्यको थालनी भयो । राजतन्त्रको समयमा आमजनतामा अनुसाशन थियो । त्यसै गरी नेपाली नागरिकताको प्रमाण पत्रको विषयमा उदार भएन त्यसैले राष्ट्र, राष्ट्यिताका लागि यो नै राम्रमे पक्ष थियो । राजतन्त्र कालिन समयमा मुलुकलाई आत्मनिर्भरसँगै मुलुकमा नै स्वरोजगारको वातावरण सिर्जना गरी सिर्जनाका लागि ठूला-ठूला उद्योगहरु स्थापना भएका थिए । दुई दर्जन भन्दा ठूला-ठूला उद्योगहरु सञ्चालनमा थिए । त्यसले राष्ट्रिय उत्पादनमा महत्व पुर्ण योगदान दिएको थियो । यो नै सवल पक्ष हो । राजसस्थाले दलमाथि प्रतिवन्ध लगायो । ठूला-ठूला क्रियाकलापमा दरवारको हस्तक्षप हुन्थ्यो भनेर छिमेकी मुलुक भारतको पहलमा प्रजातन्त्र स्थापना भयो जसका क्रममा २०४६ सालमा जनआन्दोलन भयो । संविधान नै नयाँ निमार्ण गरी मुलुकमा बहुदलिय प्रजातान्त्रिक व्यवस्थाको सुरुवात भयो २०४७ साल देखि । त्यस समयमा पनि आम जनताले असख्या आवश्यकताको परिपूर्तिको लागि अपेक्षा राखेका थिए । बहुदलिय प्रजातान्त्रिक व्यवस्थाको सुरुवातसँगै प्रजातान्त्रिक विधि पद्धती अनुरुप शासन सत्ता सञ्चालनमा आएको थियो । यस क्रममा स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार र सडक सञ्जालको विकास उच्च तहमा पुग्यो । यस समयमा भएका सकारात्मक प्रभाव नै यिनै हुन् । संसदिय अभ्यासका क्रममा हाम्रा माननियहरुले भन्सार सुविधामा धेरै पैसका गाडी भित्र्याए । सांसद खरिद बिक्री प्रकरण पनि भए । माननिय सासंदहरुले पेन्सन पनि बुझ्न थाले । यही समयमा भारतको स्वार्थ अनुरुप महाकाली सन्धी भयो । सरकारमा सहभागी माननिय, मन्त्रीहरु भ्रष्टाचारको अभियोगमा समातिए । विदेशले स्थापना गरीदिएका ठूला उद्योगहरु बिक्री गरेर पुजीवादी अर्थनीति अबलम्वन गरिएको थियो । बहुदलिय प्रजातन्त्रका समयमा सरकार बनाउने, ढलाउने खेल भयो । यसै काल खण्डमा आम जनताको मन मनमा बस्न सफल बिरेन्द्र शाहको वंश नै नाश भयो । यस समयमा नेकपा एमालेका महासचिव र संगठन विभागका प्रमुखलाई सदाका लागि गुमाउन पऱ्यो । आपसी विवादका कारण मुख्य ठूला दलहरु विभाजन भए । दलभित्रको आन्तरिक विजारोपणको प्रभावसँगै माओवादी जनयुद्वको सुरुवात भयो । ज्ञानेन्द्र शाहामा दलहरुको कमजोरीलाई गलत तरिकाले उपयोग गरी महत्वकाक्षा बढाउने अवसर प्राप्त भयो । ज्ञानेन्द्रको महत्वकांक्षाका कारण दलका गतिविधी नियन्त्रण गरेसँगै नेतृत्व माथिको दमनका कारण सबै राजनैतिक दलहरु पुन: एकजुट हुन पुगे । अन्तत: राजा ज्ञानेन्द्रले आफुमा रहेको अधिकार आमजनतालाई फिर्ता गर्न बाध्य भए । २०६५ सालको जेठ १५ गते संविधान सभामा सहभागी सदस्यहरु मध्ये  दुई तिहाइ बहुमतबाट  संघिय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको घोषणा भयो । योसँगै परपरागत रुपमा दुई सय चालिस वर्ष देखि शासन व्यवस्था सञ्चालन गर्दै आएका शाहा वंशियहरुको बहिरगमन हुन पुग्यो । मुलुकमा गणतन्त्र स्थापनापछि राजनैतिक दलहरुले विदेशी डलरसँग सनातन हिन्दु धर्म नै साटिदिए । यस समयमा जनताबाट निर्वाचित प्रतिनिधीद्वारा संविधान निर्माणका लागि दुई-दुई पटक संविधान सभाको निर्वाचन भयो । २०७२ सालमा नयाँ संविधान जारी भयो । गणतन्त्रका समयमा आम जनताको लागि सुखद समय हुन सकेको छैन । आफ्नो गाउँ छिमेकदेखि नै श्री ७ महाराजधिराज सरकारहरु भटिन्छन् यिनै श्री ७ का प्रतिनिधी नै भ्रष्टचारका मुख्य नायक नायिका भएर धेरै सिनेमा देखाइ सकेका छन् । यस समयमा ठूला -ठूला भ्रष्टाचारका काण्ड काण्डै भएका छन् । भ्रष्टचारका अनुसन्धान गर्ने निकाय नै भ्रष्ट छन् । आफ्ना गल्ती कमी कमजोरी ढाक्नका लागि पार्टीका झण्डाधारी व्यक्तिलाई संवैधानीक आयोगहरुमा मनोनित भएका छन् । सवैंधानिक निकाय दलिय भागवण्डाले नराम्रोसँग थलिएको छ । संघीय लोकलान्त्रिक गणतान्त्रिक व्यवस्थाका समयमा विश्व किर्तीमान कायम हुने गरी भ्रष्टाचार भएका छन् । यस सवालमा एउटा विषयमा मात्र अनुसन्धानको प्रक्रिया अगाडि बढेको छ । अरु सबै हावामा विहीन हुन पुगेको छ । वैदेशीक ऋण, वैदेशीक व्यापार घाटा, भ्रष्टाचार, संवैधानिक निकाय कव्जा । संसद विघटन, संसद अदालतबाट पुनस्थापना, गाउँ-गाउँमा इसाइ धार्मलम्बीहरुको चर्च बन्नु गाउँ युवा विहीन बन्नु, खाद्यान्न दलहन, तेलहन तरकारी जस्तामा पर निर्भरता बढदै जानु यो समयका मुख्य उपलब्धीहरु हुन् ।

**(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । सफलता मिल्नेछ । | **तुला** :राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । कार्यमा सफलता मिल्नेछ । |
| **वृष** :आफन्तको सहयोग मिल्नेछ । सांस्कृतिक क्षेत्रमा रुची बढ्नेछ । | **वृश्चिक** : प्रेममा खिन्नता बढ्न सक्छ । निरासा र आलस्य आउला । |
| **मिथुन** : व्यावसायिक काम राम्रै हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **धनु** : विभिन्न अवसर प्राप्त हुनेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **कर्कट** : सौन्दर्यतामा धन खर्च हुनेछ । साँझपख शुभ समाचार आउन सक्छ । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । कामहरु अगाडि बढ्नेछन् । |
| **सिंह** : श्रमको उचित मुल्यांकन हुनेछ । महिला वा मित्रबाट सहयोग मिल्नेछ । | **कुम्भ** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कन्या** : मुद्दामा सफलता मिल्नेछ । माया प्रेममा सामिप्यता बढेर जानेछ । | **मीन** : बिलासी बस्तुको प्रयोग गर्न पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ । |




# स्मार्टफोनमा स्टोरेज सकिन थाल्यो ? यसो गर्नुस्



अहिलेका आधुनिक स्मार्टफोनहरु अनेक फिचरहरुका घर हुन् । स्मार्टफोन केबल फोनकलमा प्रयोग हुने उपकरण मात्र नभई मनोरञ्जन, काम तथा अन्य धेरै चिजहरुका लागि समेत प्रयोग हुने डिभाइस बनेको छ । आफ्नो यस्तो बहुमुखी चरित्रका कारण स्मार्टफोनले ठूलो संख्याका डाटाहरु दिनहुँ स्टोर गरिरहनु पर्दछ जसका कारण फोनको स्टोरेज स्पेस भरिने समस्या छिटै आउँछ । यस्तो अवस्थामा मानिसहरु स्टोरेज क्षमता विस्तारका लागि बाह्य एसडी कार्ड खरीद गर्ने, क्लाउड स्टोरेज आदि उपाय अपनाउँछन् । तर यसरी स्टोरेज क्षमता विस्तारका लागि फोन बाहिरका विकल्प छान्नुअघि हामीले फोनमै रहेको स्टोरेज खाली गर्ने उपाय अपनाउन सकिन्छ । यसका लागि निम्न कुराहरु गर्न सकिन्छ-

**अनावश्यक र प्रयोगविहीन एपलाई हटाउनुहोस् :**

फोनमा अनावश्यक रुपमा ओगटिएको स्पेस खाली गर्ने सबैभन्दा सजिलो उपाय भएको प्रयोग नभइरहेका एपहरु हटाउनु नै हो । हामीले आफ्नो फोनमा अनेक खालका एपहरु इन्स्टल गरेका हुन्छौं । तर समयक्रमसँगै तीमध्ये धेरै एपहरु हामीले विरलै वा कहिल्यै पनि प्रयोग गरेका हुँदैनौं । त्यसैले त्यस्ता एप अनइन्स्टल गर्दा केबल फोनको स्टोरेज खाली हुने मात्र होइन फोनको पर्फमेन्स पनि बढ्दछ ।

**एप caches तथा डाटाको सफाइ :**

फोनमा कुनै एपलाई डिलिट गर्दैमा मात्र पनि धेरै स्पेस खाली नहुन सक्दछ । एपहरुले स्टोर गरेका डाटा तथा caches ले पनि फोनमा ठाउँ ओगटिरहेको हुन्छ । त्यसैले त्यस्ता क्यास वा डाटालाई सफा गर्नुहोस् । तपाईंले यस्तो काम नियमित रुपमा गर्नुभयो भने फोनमा निश्चित मात्राको स्टोरेज सधैं पाउनुहुन्छ । यसका लागि फोनको Settings मा गएर Applications अप्सनमा जानुपर्दछ । त्यसपछि कुनै निश्चित एपमा ट्याप गरी त्यसको क्यास तथा डाटा हटाउन सक्नुहुन्छ ।

**फोटो तथा भिडियोको ब्याकअप राखेर फोनबाट डिलिट गर्ने :**

प्राय: हाम्रो फोनमा रहेको स्टोरेज स्पेसको आधाभन्दा धेरै हिस्सा त फोटो तथा भिडियोहरुले नै ओगटेको हुन्छ । त्यसैले फोनमा रहेका फोटो तथा भिडियोलाई बाहिरी हार्ड ड्राइभ वा क्लाउड स्टोरेजमा सार्नुभयो र फोनबाट डिलिट गर्नुभयो भने त्यसले तपाईंको फोनमा प्रसस्तै स्टोरेज स्पेस खाली गर्नेछ ।

**डाउनलोडको व्यवस्थापन :**

तपाईंको फोनमा डाउनलोड फोल्डर तथा डकुमेन्टहरु छिट्टै थुप्रिएर निकै महत्वपूर्ण स्पेस खाइदिन्छन् । त्यसैले बेलाबेलामा डाउनलोड भएका चिजहरु हेरेर अनावश्यक फाइल, नचाहिने पुराना डकुमेन्टका साथै कुनै डुप्लिकेट वा दोहोरिएका डकुमेन्टहरु डिलिट गर्न सक्नुहुन्छ । तपाईंले फोनमा डाउनलोड गरेका महत्वपूर्ण डकुमेन्टलाई क्लाउड स्टोरेज वा बाहिरी हार्ड ड्राइभमा सारेर पनि फोनको स्पेस खाली गर्न सक्नुहुन्छ ।

**डाउनलोड गरेका फिल्म वा अन्य भिडियो डिलिट गर्नुहोस् :**

स्मार्टफोन प्रयोगकर्ताहरुले नेटफि्लक्स, अमेजन प्राइम तथा अन्य ओटिटी एपका लागि युट्युबबाट समेत विभिन्न फिल्म, शो आदिका भिडियोहरु डाउनलोड गर्दछन् ताकि इन्टरनेट नभएको बेलामा पनि हेर्न सकियोस् । यस्ता भिडियोले फोनमा निकै धेरै स्पेस ओगट्छन् । त्यसैले एकपटक हेरिसकेका त्यस्ता सामग्रीहरु डिलिट गरेर फोनको स्पेस खाली गर्न सकिन्छ ।


**स्टोरेज म्यानेजमेन्ट टुलको प्रयोग :**

प्राय: सबैजसो आधुनिक स्मार्टफोनहरुमा आफ्नै स्टोरेज म्यानेजमेन्ट टुल उपलब्ध हुन्छ । यसबाट प्रयोगकर्ताले आफ्नो फोनको स्टोरेज प्रयोगको अवस्थाका बारेमा पूर्णरुपमा थाहा पाउनुका साथै स्टोरेज स्पेस खाली गर्ने तरिकाका लागि आवश्यक सल्लाह पनि पाउन सक्दछन् ।

यो टुलले ठूला फाइलहरु, प्रयोगमा नभएका एपहरु, ठूलो आकारका मिडिया सामग्रीहरु हटाएर स्टोरेजको व्यवस्थापनलाई सहज बनाउन मद्दत गर्दछ ।

*-अनलाइन खबर डटकम*

# नेपाली प्रयोगकर्ताले पनि आफ्नो फेसबुक 'लक' गर्न सक्ने



नेपालबाट फेसबुक चलाइरहेका प्रयोगकर्ताहरूले अब आफ्नो खाता लक गर्न मिल्ने भएको छ । फेसबुक सुरक्षाअन्तर्गत पर्ने उक्त फिचरले प्रयोगकर्तालाई आफ्नो खाता थप निजी वा गोप्य राख्न मद्दत गर्छ । यसभन्दा अघि पश्चिमी मुलुकका प्रयोगकर्ताहरूले मात्रै यो फिचर पाइरहेका थिए ।

नेपालका केही प्रयोगकर्ताहरूले भिपिएन प्रयोग गरेर फेसबुक लक गर्थे । कम्पनीले यस सातादेखि भने नेपाली भू-भागबाट चलिरहेको खातामा समेत उक्त फिचर समावेश गरेको हो । आफ्नो फेसबुक खाता गोप्य र फेसबुक साथीहरूले मात्र हेर्ने बनाउन चहानुहुन्छ भने तपाईंले फेसबुक लक फिचर प्रयोग गर्न सक्नुहुन्छ । फेसबुक लक गरेपछि तपाईंको साथीको सूचीमा भएका प्रयोगकर्ताबाहेक अरूले फेसबुक स्टक गर्न सक्दैनन् ।

फेसबुक लक गर्दा तपाईंले फेसबुकमा राख्नुभएको प्रोफाइल फोटो र कभर फोटो भने देखिन्छ । तर यसलाई जुम गरेर हेर्न मिल्दैन ।

**यसरी गर्नुहोस् मोबाइल एपबाट आफ्नो फेसबुलाई लक:**

१. सुरुमा मोबाइल एपबाट फेसबुक खोल्ने र आफ्नो प्रोफाइलमा जाने ।

२. 'एड टु स्टोरी' लेखिएको छेउमा 'एडिट प्रोफाइल' र तीनवटा डट देखिन्छ । त्यसबाट तीन वटा डटमा जाने

३. यहाँ तपाईंले 'लक प्रोफाइल' भन्ने विकल्प देख्न सक्नुहुन्छ, त्यसलाई चयन गर्ने ।

४. त्यसपछि फेसबुकले तपाईंको प्रोफाइल लक भएपछि के-के हुन्छ र कस्तो देखिन्छ भनेर बताइदिन्छ ।

५. अन्तिममा, उक्त पेज स्क्रोल डाउन गर्ने र त्यहाँ भएको 'ओके' विकल्पमा ट्याप गर्ने ।

यसरी तपाईंको फेसबुक लक हुन्छ । अब तपाईंको फेसबुकमा भएका साथीहरूबाहेक अन्य प्रयोगकर्ताले प्रोफाइल हेर्न सक्दैन ।

*-सेतोपाटी डटकम*

# 'डिजिटल इण्डिया' ले बदलिँदै भारतको अनुहार

**श्रीमननारायण**

*भारतको डिजिटल अर्थव्यवस्थाले सन् २०२५ सम्म एक ट्रिलियन डलर पार गर्ने सम्भावना छ । ई-सरकारसँग सम्बन्धित इलेक्ट्रोनिक कारोवारमा तीव्र वृद्धि भएको छ । भारत नेट कार्यक्रम अन्तर्गत करिब तीन लाख किलोमिटरको अप्टिकल फाइबर नेटले १.१५ लाखभन्दा बढी गाउँलाई एकअर्कासित जोडेको छ । गाउँदेखि शहरसम्म साना खुद्रा व्यापारीदेखि ठूलठूला व्यावसायिक संस्थान सबैले युपिआईको प्रयोग गरिरहेका छन् । सानोभन्दा सानो वस्तु खरिद-बिक्रीमा पनि क्युआर प्रयोग गरिरहेका छन् । यसले भारतलाई डिजिटल इण्डियामा बदलिरहेको छ । त्यसो त डिजिटल इण्डियाले सफलतापूर्वक इन्टरनेट कनेक्टिभिटीको विस्तार गरेको छ, साथै, ई-सरकार, ई-स्वास्थ्य जस्ता महत्वपूर्ण नीति लागू पनि गरिसकेको छ, भने यो अभियान डिजिटल साक्षरतालाई बढावा दिन र डिजिटल प्रविधिसम्म पुर्‍याउन चाहने अन्य देशका लागि सिकाइको मोडेलका रूपमा पनि काम लाग्न सक्छ । हुनत भारत सफ्टवेयरको एउटा महाशक्तिकै रूपमै मानिन्छ तर पनि नागरिकहरूको निम्ति इलेक्ट्रोनिक सरकारी सेवाहरूको उपलब्धतामा केही कमी देखिएको थियो ।*

दक्षिण छिमेकी भारत विश्वको उदाउँदो आर्थिक शक्ति हो । बलियो अर्थतन्त्र र शक्तिमा त यो विश्वमा परिचित छ नै सूचना र प्रविधिमा पनि भारतले अभूतपूर्व प्रगति गरिरहेको छ । डिजिटल प्रविधि र त्यसको व्यावहारिक प्रयोगमार्फत विश्वका अगुणी देशको रूपमा गनिन थालेको छ । सफल डिजिटल इण्डियाले देशको मुहार नै फेर्ने काम गरेको छ । सूचना प्रविधिको क्षेत्रमा भारतको प्रगतिको यात्रा केही दशकअघिदेखि नै जारी छ । भारतका वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले यसलाई ठूलो प्राथमिकता दिएका कारण आमभारतीय नागरिक पनि यसको प्रयोगलाई आफ्नो दैनिक जीवनको अभिन्न अंग बनाएका छन् ।

केही समयअघि माइक्रोसफ्टका प्रमुख सत्य नडेला भारत भ्रमणमा आएका थिए । यात्राका क्रममा उनले एक कार्यक्रममा भारतको डिजिटल स्वरूपको निकै प्रशंसा गरेका थिए । एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले भारतले डिजिटल प्रविधिको सदुपयोगलाई तीव्रता प्रदान गरेर देशलाई जसरी डिजिटलका रूपमा सशक्त बनाएको छ, जसरी समाज र ज्ञानमा आधारित अर्थतन्त्रमा बदल्ने काम गरिरहेको छ, यस्तो विगतमा नरहेको बताएका थिए । त्यसैगरी केहीअघि भारत भ्रमणमा आएको जी-२० प्रविधिको टोलीले भारतलाई 'डिजिटल प्रविधि'को अग्रणी भनेको थियो । भारतमा भइरहेको डिजिटल परिवर्तनको सराहना गर्दै घरेलु हस्तकलाको वस्तु खरिदमा पनि उनीहरूले समेत युपिआईको प्रयोग गरेका थिए । प्रतिनिधि टोलीका एक सदस्य रासा खालिविन अफतानले सबै देशले भारत र यसको उच्च प्रविधि सिक्न जरुरी भएको बताएका थिए । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१५ जुलाई १ मा डिजिटल इण्डिया अभियान सार्वजनिक गरेका थिए । यस अभियानको प्रारम्भिक उद्देश्य भनेको ग्रामीण क्षेत्रलाई द्रुत गतिको इनटरनेट सञ्जालसँग जोडदै देशमा डिजिटल साक्षरता र प्रयोगमा सुधार ल्याउनु थियो । यो अभियान विशेष रूपमा तीन क्षेत्रमा केन्द्रित थियो । एक प्रत्येक नागरिकका लागि उपयोगिताका रूपमा डिजिटल पूर्वाधार ढाँचा, दुई माग शासन र सेवा तथा तीन, डिजिटल सशक्तीकरण । खास गरिकन डिजिटल इण्डियाका नौवटा स्तम्भ रहेका छन् । ती हुन ब्रोडव्याण्ड हाइवे, मोबाइल कनेक्टिभिटीसम्म आमनागरिकको पहुँच, सार्वजनिक इन्टरनेट पहुँच कार्यक्रम ई-सरकार प्रविधिमार्फत सरकारमा सुधार ई-क्रान्ति: सेवाको इलेस्ट्रिक डेलिभरी सबैका लागि सूचना, इलेक्ट्रोनिक्स निर्माण, जागिरका लागि आइटी र बाली कार्यक्रम यीमध्ये प्रत्येक क्षेत्र आफैंमा डिजिटल कार्यक्रम छन् । डिजिटल इण्डिया अन्तर्गत महत्वपूर्ण कदममा डिजिटल कर, ई-स्वास्थ्य अभियान, ई-शिक्षा अभियान, ई-क्रान्ति सेवाको इलेक्ट्रोनिक डेलिभरी भीम: युपिआई पोर्टल र ई-अस्पताल आदि रहेका छन् ।

डिजिटल इण्डिया कार्यक्रम भलै औपचारिक रूपमा सन् २०१५ मा सुरु भएपनि यसको जग भने पूर्वप्रधानमन्त्री अटल विहारीवाजपेयीले सन् २००२ मै राखेकाछन् । वाजपेयी नेतृत्वको सरकारले नै भारतमा एक सशक्त सूचना र सञ्चार नेटवर्क बनाउने घोषणा गरेको थियो । आज डिजिटल प्रयोगको मञ्चमा भारत विश्वव्यापी रूपमा अग्रणीदेश मानिन्छ । भारतका ८४ करोड जनता इन्टरनेटसँग जोडिएको र एक अर्बभन्दा बढी जनसंख्या मोबाइल फोन प्रयोगकर्ता रहेको बताइएको छ । यसमा झण्डै ६० करोड मानिसले स्मार्टफोन प्रयोग गररहेका छन् । भारतको डिजिटल अर्थव्यवस्थाले सन् २०२५ सम्म एक ट्रिलियन डलर पार गर्ने सम्भावना छ ।

ई-सरकारसँग सम्बन्धित इलेक्ट्रोनिक कारोवारमा तीव्र वृद्धि भएको छ । भारत नेट कार्यक्रमअन्तर्गत करिब तीन लाख किलोमिटरको अप्टिकल फाइबर नेटले १.१५ लाखभन्दा बढी गाउँलाई एकअर्कासित जोडेको छ । गाउँदेखि शहरसम्म साना खुद्रा व्यापारीदेखि ठूलठूला व्यावसायिक संस्थान सबैले युपिआईको प्रयोग गरिरहेका छन् । सानोभन्दा सानो वस्तु खरिद-बिक्रीमा पनि क्युआर प्रयोग गरिरहेका छन् । यसले भारतलाई डिजिटल इण्डियामा बदलिरहेको छ । त्यसो त डिजिटल इण्डियाले सफलतापूर्वक इन्टरनेट कनेक्टिभिटीको विस्तार गरेको छ, साथै, ई-सरकार, ई-स्वास्थ्य जस्ता महत्वपूर्ण नीति लागू पनि गरिसकेको छ, भने यो अभियान डिजिटल साक्षरतालाई बढावा दिन र डिजिटल प्रविधिसम्म पुर्याउन चाहने अन्य देशका लागि सिकाइको मोडेलका रूपमा पनि काम लाग्न सक्छ । हुनत भारत सफ्टवेयरको एउटा महाशक्तिकै रूपमै मानिन्छ तर पनि नागरिकहरूको निम्ति इलेक्ट्रोनिक सरकारी सेवाहरूको उपलब्धतामा केही कमी देखिएको थियो ।

सन् २००६ मा अनुमोदित राष्ट्रिय ई-शासन योजनाले मिसन मोड परियोजनालाई र कोर आईसिटी आधारभूत सुविधाको माध्यमबाट निरन्तर प्रगति गरेको छ तर देशमा इलेक्ट्रोनिक्स पुनर्संरचना र ई-शासनमा प्रभावकारी प्रगति सुनिश्चित गर्न थप प्रयास भइरहेका छन् । डिजिटल इण्डिया मिसन यस लक्ष्यलाई पूरा गर्नमा सहयोगी सावित भइरहेको छ । खासगरिकन इलेक्ट्रोनिक सेवाहरू, उत्पादनहरू, उपकरण, पुनर्संरचना र रोजगारका अवसरलाई यसमा सामिल गराईएपछि समावेशी विकासलाई मदत मिल्नेछ । २१औं शताब्दिमा भारत आफना नागरिकको आकांक्षालाई पूर्ति गर्ने प्रयास गर्नेछ । डिजिटल इण्डियाको उद्देश्य भनेको सूचना प्रविधि (आईटी) क्षमताको उपयोग गरी देशलाई डिजिटल रूपमा भारतलाई सशक्त सम्मान र ज्ञान अर्थ व्यवस्थामा परिणत गर्नु हो । डिजिटल इण्डिया कार्यक्रमको उद्देश्य देशलाई डिजिटल रूपमा सशक्त समाज र ज्ञान अर्थव्यवस्थामा परिणत गर्नु रहेको छ । यो कार्यक्रम इलेक्ट्रोनिक्स र सूचना प्रविधि विभागद्वारा परिकम्पापरिलित गरिएको हो । यो कार्यक्रम वर्तमान अवस्थामा तीव्र गतिमा कार्यान्वयनमा आएको छ । सरकारी सेनाहरूलाई इलेक्ट्रोनिक रूपमा नागरिकलाई उपलब्ध भइरहेको छ । वर्तमानमा अधिकांश ई-गवर्नेन्स परियोजनाका लागि धनको स्रोत केन्द्रित अथवा राज्य सरकारसित सम्बन्धित मन्त्रालय विभागको बजेट प्रावधानको माध्यमबाट हुने गर्दछ ।

प्रत्येक नागरिकको निम्ति इन्फ्राष्ट्रक्चरलाई कसरी उपयोगी बनाउन सकिन्छ भन्ने दिशामा काम भएका छन् । खासगरिकन यस माध्यमबाट नागरिकले सम्बन्धित निकायसित माग गर्ने र सम्बन्धित निकायले सेवा प्रदान गर्ने काम हुन्छ । यसरी नागरिकलाई डिजिटल सशक्तीकरण गर्ने काम भएको छ । एकातिर उपयोगिताको रूपमा उच्च गतिको इन्टरनेट सबै गाउँ पञ्चायतमा उपलब्ध गराइएको छ । यसबाट जन्मदेखि मृत्युसम्म डिजिटल पहिचान अद्वितीय आजीवन अनलाइन र प्रमाणिक पनि भएको छ । मोबाइल फोन र बैंक खाता व्यक्तिगत स्तरमा डिजिटल तथा वित्तीय कारोबारमा भाग लिन सक्षमता प्रदान गर्नेछ । कामन सर्बिस सेन्टर खोलिएका छन् । पब्लिक कलाउडमाथि साझा गर्न लायक निजी स्थान र देशमा सुरक्षित एवं भरपर्दो साइबर-स्पेश भारतलाई एउटा प्रशिक्षित, आधुनिक शिक्षा एवं प्रविधियुक्त बनाई विश्वमा अग्रणी स्थान दिलाउनु पनि यसको लक्ष्य रहेको हुनसक्छ । परिवर्तनलाई साकार तथा सक्षम बनाउन प्रौद्योगिक केन्द्रको रूपमा स्थापित गर्नु र कुनै पनि कार्यक्रम बारे सबैलाई सहज रूपमा जानकारी उपलब्ध गराउनु रहेको छ । भारत अब क्युआरको प्रयोगबाट चना, सत्तु, भुजा, आइस्क्रीम, सैलुन, नाशता र सानाठूला पसलहरूमा सजिलै डिजिटल लेनदेन गर्न सकिन्छ । यसरी डिजिटल इण्डियाले भारतको अनुहारलाई फेर्ने काम गरेको छ ।

*-इहिमालय टाइम्स डटकम*

# स्थानीय तह र प्रदेशको वित्तीय हस्तान्तरण घट्यो

## कुन शिर्षकमा कति बजेट



**पाल्पा,** जेठ १५/सरकारले स्थानीय तह र प्रदेश सरकारलाई दिने वित्तीय हस्तान्तरण घटाएको छ । अर्थमन्त्री डा.प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य प्रस्तुत गर्दै स्थानीय र प्रदेशको वित्तिय हस्तान्तरण घटाएको घोषणा गरेका हुन् ।

सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा वित्तीय समानीकरण अनुदानतर्फ प्रदेशलाई ५८ अर्ब ६७ करोड र स्थानीय तहलाई ८७ अर्ब ३५ करोड गरी जम्मा १ खर्ब ४६ अर्ब २ करोड वित्तीय हस्तान्तरण गर्ने घोषणा गरेको छ । अर्थमन्त्री महतले आर्थिक वर्ष २०८०/८१ को बजेट सार्वजनिक गर्दै सशर्त अनुदान तर्फ प्रदेशलाई ३५ अर्ब ७२ करोड र स्थानीय तहलाई १ खर्ब ९१ अर्ब ८९ करोड गरी जम्मा २ खर्ब २७ अर्ब ६१ करोड विनियोजन गरेको पनि बताएका छन् । त्यसैगरी समपूरक अनुदानतर्फ प्रदेशलाई ६ अर्ब २२ करोड र स्थानीय तहलाई ७ अर्ब ५ करोड गरी जम्मा १३ अर्ब २७ करोड विनियोजन गरिएको छ । विशेष अनुदानतर्फ प्रदेश र स्थानीय तहलाई क्रमशः ४ अर्ब ४६ करोड र रु ८ अर्ब ७३ करोड विनियोजन गरिएको छ । राजस्व बाँडफाँटबाट प्रदेश र स्थानीय तहमा जम्मा १ खर्ब ७३ अर्ब ९२ करोड रकम हस्तान्तरण हुने अनुमान गरिएको अर्थमन्त्री डा.महतले बताए । चालु आर्थिक वर्ष २०७९/०८० मा वित्तीय समानीकरण अनुदानतर्फ प्रदेशलाई ६१ अर्ब ४३ करोड रुपैयाँ र स्थानीय तहलाई १ खर्ब २३ करोड रुपैयाँ वित्तीय हस्तान्तरण भएको थियो । सशर्त अनुदान तर्फ प्रदेशलाई ५७ अर्ब १७ करोड रुपैयाँ र स्थानीय तहलाई १ खर्ब ८३ अर्ब ७२ करोड रुपैयाँ गरी जम्मा २ खर्ब ४० अर्ब ८९ करोड विनियोजन भएको थियो । प्रदेश तथा स्थानीय तहलाई पूर्वाधारसम्बन्धी आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान स्वरूप प्रदेशलाई ६ अर्ब ३० करोड रुपैयाँ, स्थानीय तहलाई ७ अर्ब २७ करोड विनियोजन भएको थियो विशेष अनुदान तर्फ प्रदेश र स्थानीय तहलाई क्रमशः ४ अर्ब ५६ करोड र ९ अर्ब १४ करोड रुपैयाँ विनियोजन भएको थियो । चालु आवमा राजस्व बाँडफाँटबाट प्रदेशमा र स्थानीय तहमा १ खर्ब ६३ अर्ब ३ करोड रुपैयाँ हस्तान्तरण भएको थियो ।

# बुटवल–पाल्पा बसन्तपुर केबुलकार सञ्चालनमा



**पाल्पा,** जेठ १५/बुटवल-पाल्पा बसन्तपुर केबलकार सञ्चालनमा आएको छ । आईएमई ग्रुपको नेतृत्वमा बुटवलमा बनेको लुम्बिनी केबलकारले आइतबारदेखि व्यवसायिक रुपमा केबुलकार सञ्चालनमा ल्याएको हो ।

लुम्बिनी केबललकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले व्यवसायिक रुपमा सेवा सञ्चालनमा आएको घोषणा गरेका थिए । आम सर्वसाधारण चढ्न पाउने गरी व्यवसायिक रुपमा सञ्चालनमा आए पनि जेठ २५ गते प्रधानमन्त्रीबाट औपचारिक रुपमा उद्घाटन हुने छ । बुटवलको वडा ३ मा बटम स्टेशन र पाल्पाको तिनाउ गाउँपालिका वडा नं ३ वसन्तपुरमा टप स्टेशन रहेको केबलकारले यी दुबै वडाका बासिन्दालाई केबलकार चढ्दा लिइने शुल्कमा छुट दिने घोषणासमेत गरेको छ । स्थानीयको साथ र सहयोगले केबुलकार छिटै सञ्चालनमा ल्याउन सफल भएकाले स्थानीयको पनि अपनत्व महसुस गराउन टिकट शुल्कमा २५ प्रतिशत छुट गरिएको अध्यक्ष ढकालले बताए । प्रालिले प्रति टिकट शुल्कको २ प्रतिशत रकम बुटवल उपमहानगरपालिका र तिनाउ गाउँपालिकाका लागि छुट्टाएको र उक्त रकम दुवै पालिकाले ५० प्रतिशतका दरले बाँडफाँड गर्ने ढकालले बताए । बटम स्टेसन समुद्री सतहबाट दुई सय ३० मिटर र टप स्टेसन नौ सय ४० मिटरको उचाईमा रहेको छ । बटन स्टेशनबाट १० मिनेटको यात्रामै टप स्टेशनमा पुग्न सकिन्छ । एकवर्षभित्रै सञ्चालनमा ल्याउने घोषणासहित २०७७ साल फागुन १ गते शिलान्यास गरिएको केबुलकार कोरोना महामारीको असरलगायत कारणले ढिला गरी सञ्चालनमा आएको हो । केबुलकारको शिलान्यास तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए । यसैबीच केबुलकारको टप स्टेसन बसन्तपुर डाँडामा निर्माण गरिएको कामाख्या देवीको मन्दिरमा सप्ताहव्यापी पूजाआराधना सुरू भएको छ । केबुलकार सञ्चालन हुनुपूर्व मन्दिरमा कामाख्या देवीको मूर्ति प्राणप्रतिष्ठा गरी पूजाआराधना सुरू भएको हो । भारतको गुहावटीमा रहको कामाख्या मन्दिरकै शैली र कलामा बसन्तपुरमा पनि कामाख्या मन्दिर निर्माण गरिएको छ । मन्दिरमा सुरू भएको एकहप्ते पूजामा गुहावटीबाट आएका र नेपालका समेत ११ जना धार्मिक पण्डितहरूले पूजा सुरू गरेको प्रालिले जनाएको छ । मन्दिरमा जेठ १२ गतेदेखि सुरू भएको पूजा आराधना १८ गतेसम्म चल्ने छ ।

# बजेटको आकार घटाइयो...

...चालु आर्थिक वर्षको बजेटमा सरकारले आठ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेकामा दुई दशमलव १६ प्रतिशत मात्रै आर्थिक वृद्धिदर हासिल हुने अनुमान छ ।

यस्तै आगामी आर्थिक वर्षका लागि सबै प्रकारका प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता लगायतका भत्ता सरकारले खारेज गर्ने भएको छ । स्रोतमा परेको चापलाई मध्यनजर गरी सरकारले भत्ता खारेज गरेको हो । नयाँ सवारी साधन र फर्निचर तथा फर्निसिङ खरिदका लागि सरकारले निरुत्साहित गरेको छ ।

अत्यावश्यक बाहेक नयाँ भवन निर्माण नगरिने तथा इन्धन, कार्यालयसम्बन्धी सामान लगायत प्रशासनिक खर्चमा मितव्ययिता कायम गरिने जनाइएको छ । नेपाल सरकारले अनिवार्य रूपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक अन्य वैदेशिक भ्रमणलाई पनि निरुत्साहित गरिने बजेटमा उल्लेख छ । साथै, सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई स्वीकृत मापदण्डको आधारमा इन्धन वापत नगद नै प्रदान गर्ने व्यवस्था मिलाइने भएको छ ।

खेलकुद समाचार

# मलेसियासँग नेपाल पराजित



**काठमाडौं,** जेठ १५/पहिलो टी-२० मा नेपालको महिला टिम मलेसियासँग ५ विकेटले पराजित भएको छ । पहिलो टीट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाली महिला टोलीले मलेसियासँग ठूलो अन्तरको हार भोगेको हो ।

घरेलु टोलीसँग पाँच खेलको टीट्वान्टी शृंखला खेल्न हाल नेपाली महिला क्रिकेट टोली मलेसिया भ्रमणमा छ । मलेसियाले सोमबार खेलिएको पहिलो खेलमा नेपाललाई पाँच विकेटले हराएको हो । नेपाली महिला क्रिकेट टोलीले पहिलो पटक मलेसियासँग हार भोगेको हो । जितसँगै मलेसियाले शृंखलामा १–० को अग्रता लिएको छ । यसअघि मलेसियासँग भएका तीनवटा टी ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाल अपराजित रहेको थियो । नेपालले पहिलो ब्याटिङ गर्दै १६.५ ओभरमा अलआउट हुनुअघि ५० रनमात्र बनाउन सक्यो । जवाफी ब्याटिङमा ओर्लिएको मलेसियाले १३.२ ओभरमै पाँच विकेट गुमाएर विजय लक्ष्य हासिल गरेको थियो । मलेसियाको जितमा वान जुलियाले सर्वाधिक १३ रनको योगदान गरिन् । अइना हमिजाहले अविजित १२ रन बनाइन् । ईना नजवा ८ रनमा अविजित रहिन् । नेपालका लागि कप्तान रुबिना क्षेत्री र सीता रानामगरले समान २/२ विकेट लिए । कविता कुँवरले पनि १ विकेट लिइन् । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको नेपालका लागि सम्झना खड्काले सर्वाधिक १३ रन बनाएकी थिइन् । टीट्वान्टी अन्तर्राष्ट्रिय प्रतियोगितामा सम्झनाको यो पहिलो खेल हो । टोलीको खातामा ज्योति पान्डेले ११ रन थपिन् । अन्य खेलाडीले भने दोहोरो संख्यामा रन बनाउन सकेनन् । मलेसियाका बलर नीक नुरले ३ विकेट लिइन् । आइसा एलिसा, आइना हमिजाह र महिरा इजाती ईश्माइलीले समान २/२ विकेट लिए । नेपालका लागि मलेसियाविरुद्धको पहिलो खेलमा किर्तिका मरासिनीले पनि 'डेब्यू' गरेकी थिइन् । मलेसियासँग नेपालले दोस्रो खेल आगामी मंगलबार खेल्नेछ । तेस्रो खेल आगामी जुन १ तारिखमा, चौथो खेल जुन ३ तारिखमा र पाँचौं तथा अन्तिम खेल जुन ४ तारिखमा खेलिने छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

# स्वास्थ्यको बजेट घट्यो, पर्यटनमा बढ्यो



**पाल्पा,** जेठ १५/आर्थिक वर्ष २०८०/८१ मा स्वास्थ्यतर्फ बजेट घटेको छ भने पर्यटन क्षेत्रमा बढेको छ । सरकारले आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्दै पर्यटन क्षेत्रलाई उच्च प्राथमिकता दिर्दै बजेट ल्याएको हो ।

संसद्को संयुक्त बैठकमा सोमबार अर्थमन्त्री प्रकाशशरण महतले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि ८३ अर्ब ९९ करोड बजेट विनियोजन गरेको जनाएका छन् । यो बजेट गत वर्षभन्दा कम हो । अघिल्लो वर्ष सरकारले स्वास्थ्य मन्त्रालयलाई १ खर्ब ३ अर्ब १८ करोड बजेट छुट्याएको थियो । आर्थिक वर्ष २०७९/८० को बजेटमा संघमा ६९ अर्ब ३८ करोड, प्रदेशमा ६ अर्ब ३६ करोड र स्थानीय तहमा २७ अर्ब ४४ करोड बजेट छुट्याइएको थियो । सरकारले पर्यटन क्षेत्रका लागि भने बजेट बढाएको छ । अर्थमन्त्री डा प्रकाशशरण महतले आर्थिक वर्ष २०८०/८१ को बजेट सार्वजनिक गर्दै पर्यटनलाई उच्च प्राथमिकता दिइएको बताए । पर्यटन क्षेत्रका लागि ११ अर्ब ९६ करोड रुपैयाँ बजेट विनियोजन गरेको बताए । पर्यटन क्षेत्रका लागि चालु आर्थिक वर्षमा ९ अर्ब ३८ करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो । आगामी आर्थिक वर्षका लागि करिब अढाइ अर्ब रुपैयाँ बजेट थप गरेर ल्याइएको छ । यस्तै सरकारले गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई ग्राउण्ड ह्याण्डलिङ्ग शुल्कमा सहुलियत दिने भएको छ । सरकारले वि. सं २०८० को दशकलाई पर्यटन दशकको रुपमा मनाउने पनि लक्ष्य लिएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई